फोन नं. ९८५७०४६०३६

# पाल्हीनन्दन गाउँपालिका
# Palhinandan Rural Municipality
# गाँउकार्यपालिकाको कार्यालय
# Office of Rural Municipal Executive

पत्र संख्याः०८२/८३

च.न.:

कुश्मा,नवलपरासी(ब.सु.प.),लुम्बिनी प्रदेश,नेपाल

Kushma, Nawalparasi (Ba.Su.Pa.), Lumbini pradesh, Nepal

## करार सेवामा कर्मचारी पदपुर्ती गर्ने सम्बन्धी सूचना।

(प्रथम पटक प्रकाशित मितिः २०८२/०७/१६

यस पाल्हीनन्दन गाउँपालिकामा रिक्त रहेको निम्न अनुसारको पदमा सेवा करारमा कर्मचारी आवश्यक भएकोले देहायको योग्यता पुगेका नेपाली नागरिकहरुले दरखास्त फारम भरी आवश्यक कागजातहरु र दरखास्त दस्तुर बुझाएको रसिद संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ पन्ध्र दिन भित्र दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| विज्ञापन. न. | पद | तह | माग संख्या | सेवा सुविधा | दरखास्त दस्तुर |
|---|---|---|---|---|---|
| १/२०८२/८३ | जनस्वास्थ्य अधिकृत | स्थानीय सेवाको अधिकृत सातौँ तह सरह | १ | प्रचलित कानुन बमोजिम | १२००/- |
| २/२०८२/८३ | सूचना प्रविधि अधिकृत | स्थानीय सेवाको अधिकृत सातौँ तह सरह | १ | प्रचलित कानुन बमोजिम | १२००/- |
| ३/२०८२/८३ | रोजगार संयोजक | स्थानीय सेवाको अधिकृत छैठौँ तह सरह | १ | प्रचलित कानुन बमोजिम | १०००/- |
| ४/२०८२/८३ | मनोसामाजिक परामर्शकर्ता | स्थानीय सेवाको सहायक पाँचौ तह सरह | १ | प्रचलित कानुन बमोजिम | ७००/- |
| ५/२०८२/८३ | कार्यालंय सहयोगी | श्रेणीविहिन | १ | प्रचलित कानुन बमोजिम | ३००/- |

**१ आवश्यक योग्यता र अनुभवः**

क) **जनस्वास्थ्य अधिकृत पदको लागिः** मान्यता प्राप्त शिक्षण संस्थाबाट जनस्वास्थ्य (BPH) विषयमा कम्तिमा स्नातक तह वा सो सरह उत्तीर्ण गरि नेपाल स्वास्थ्य व्यवसायी परिषदमा दर्ता गरेको हुनुपर्नेछ।

ख) **सूचना प्रविधि अधिकृत पदको लागिः** रा.प.तृतीय श्रेणी अधिकृत लागि लोक सेवा आयोगद्वारा ईलेक्ट्रोनिक्स एण्ड कम्युनिकेशन ईन्जिनियर वा कम्प्युटर अधिकृत पदका लागि तोकिए बमोजिम हुनेछ।

ग) **रोजगार संयोजक पदको लागिः** नेपाल सरकार मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक वा सो सरहको उत्तीर्ण गरेको र कम्तीमा ६ महिना कम्प्युटर सम्बन्धी तालिक लिएको हुनुपर्नेछ।

घ) **मनोसमाजिक परामर्शकर्ता पदको लागिः** मान्यता प्राप्त शिक्षण संस्थाबाट १०+२ उत्तीर्ण गरि मनोसमाजिक परामर्श सम्बन्धी ६ महिना तालिम प्राप्त गरि राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र बाट प्रमाणपत्र भएको र सोही क्षेत्रमा काममा गरेको अनुभवी हुनुपर्नेछ।

ङ) **कार्यालय सहयोगी पदको लागिः** मान्यता प्राप्त शिक्षण संस्थाबाट कक्षा ८ उत्तीर्ण गरेको हुनुपर्नेछ।

**२.आवेदन साथ संलग्न कागजातहरुः** आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिमको कागजातको प्रतिलिपीहरु

क. नागरिकता

ख. न्युनतम योग्यताको लब्धाङक पत्र

ग. चारित्रिक प्रमाण पत्र

घ. कामसँग सम्बन्धित अनुभव भए सो को कागजात

ङ. तालिमको प्रमाण पत्र भए सो को कागजात

च. २ प्रति पासपोर्ट साइजको फोटो

**३.उमेर हदः**

क.जनस्वास्थ्य अधिकृत र सुचना प्रविधि अधिकृत पदको लागि २१ वर्ष उमेर पुरा भई ३५ वर्ष तथा महिलाको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ।

ख.रोजगार संयोजक पदको लागि २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको हुनुपर्नेछ।

ग. मनोसमाजिक परामर्शकर्ता र कार्यालय सहयोगी पदको लागि १८ वर्ष उमेर पुरा भई ३५ वर्ष तथा महिलाको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ।

**४. छनौट परिक्षाको किसिमः** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन, लिखित, सिप परिक्षण(आवश्कतानुसार) तथा अन्तरवार्ता र कार्यालय सहयोगीको हकमा अन्तरवार्ता मात्र।

**५.दरखास्त दिने स्थानः** पाल्हीनन्दन गाउँपालिकाको कार्यालय,कुश्मा।

**६. दरखास्त दिने अन्तिम मितिः**२०८२/०७/३० गते कार्यालय समय भित्र सम्म।

**७. परिक्षा मितिः** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन दिन परिक्षा मिति तोकिनेछ।

**८. आवेदन फारमः** कार्यालयबाट उपलब्ध गराईनेछ।

दिजेश कुमार गौड (कहार)
प्रमुख प्रशासकीय अधिकृत

**Website :** http://palhinandanmun.gov.np

**Email:**palhinandanrulmun2073@gmail.com,info@palhinandanmun.gov.np

"नतिजामुखी प्रसाशन, समृद्धि र सुशासन।"

"कर आफु पनितिरौ, अरुलाई पनि कर तिर्न प्रोत्साहन गरौ।"

CamScanner